# बेनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

गण्डकी प्रदेश


मितिः २०८२/१०/१२
ने.स. ११४६ सिल्लाथ्व अष्टमी

प.सं: २०८२/८३
च.नं. ९२२

विषयः विवरण उपलब्ध गराइदिनु हुन ।

**श्री बेनी नगरपालिका मातहतमा रहेका सम्पूर्ण सहकारी संस्थाहरु ।**
**बेनी नगरपालिका, बेनी, म्याग्दी ।**

प्रस्तुत विषयका सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा ३९ को उपदफा (२) एवं बेनी नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा २८ को उपदफा (२) मा समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ भन्ने व्यवस्था रहेकोछ । सोही व्यवस्था अनुरूप कार्यान्वयन गरी आफ्नो सहकारी संस्थाको साधारण सभा गरेको निर्णय तथा लेखापरीक्षण प्रतिवेदन यस कार्यालयमा बुझाउनु पर्नेमा अधिकांश सहकारी संस्थाहरुले साधारण सभा तथा लेखा परीक्षण प्रतिवेदन नबुझाएको तथा कोपोमिस प्रणालीमा समेत विवरण अध्यावधिक गरेको नपाइएको हुँदा १५ दिन भित्र कोपोमिस प्रणालीमा विवरण अध्यावधिक गर्नुका साथै आ.व. ०८१।०८२ को वार्षिक लेखापरीक्षण प्रतिवेदन तथा साधारण सभाको निर्णय समेत उपलब्ध गराउनु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम कारवाही गरिने बेहोरा जानकारी गराइन्छ ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत


फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np
इमेलः info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकःwww.facebook.com/beninagarpalika